# आईसीसीको प्रमण्डल नेपालमा

**काठमाडौं**, ९ भदौ (अन्नपूर्ण) : अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) का सम्बन्धमा नेपाल सरकार एवं मानवअधिकारकर्मीसँग छलफल गर्न चार सदस्यीय प्रतिनिधिमण्डल शुक्रबार नेपाल आएको छ।

प्रतिनिधिमण्डलमा डा. अहमद जियाउद्दिन, इभेलिन सेरानो, निजा कन्सेप्सियन र डा. नुरुल इस्लाम रहनुभएको छ। मुलुकमा देखिएको दण्डहीनताको अन्त्य गर्न जतिसक्दो चाँडो नेपालले रोम विधानको अनुमोदन गरी अन्तर्राष्ट्रिय फौजदारी अदालतको सदस्यता लिन नागरिक समाजले सरकारलाई दबाब दिंदै आएको छ।

प्रतिनिधिमण्डलले प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, उपप्रधानमन्त्री, राजनीतिक दलका नेता, लगायत विभिन्न क्षेत्रका व्यक्तिसँग भेट गरी अन्तर्राष्ट्रिय फौजदारी अदालतको महत्त्व, व्यवस्था र कामकारबाहीका बारेमा छलफल गर्ने फोरम फर एसियाका निजा कन्सेप्सन र इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेलले संयुक्त रूपमा जारी गरेको विज्ञप्तिमा जनाइएको छ।

ANNAPURNA POST 90DAILY (NEPALI)
26 August 2006